# पैयूँ गाउँपालिकाको आ.व २०८०/०८१ को
# वार्षिक बजेट तथा कार्यक्रम

पैयूँ गाउँपालिका
पर्वत

**आदरणीय सभाध्यक्षज्यू, गाउँसभाका सदस्यज्यूहरु, कर्मचारी तथा सुरक्षाकर्मीहरु र सञ्चारकर्मी मित्रहरु,**

१ पैयूँ गाउँपालिकाको उपाध्यक्ष एवं बजेट तथा कार्यक्रम तर्जुमा समितिको संयोजकका हैसियतले यस गरिमामय सभामा आगामी आर्थिक वर्ष २०८०/८१ को बजेट प्रस्तुत गर्न पाउँदा गौरव महसुस गरेको छु।

२ लोकतन्त्र प्राप्तिको लामो सङ्घर्ष एवं आन्दोलनका क्रममा आफ्नो अमूल्य जीवन बलिदान दिनुहुने सम्पूर्ण ज्ञात अज्ञात सहिदहरुप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै विभिन्न आन्दोलनका क्रममा घाइते, बेपत्ता नागरिकप्रति उच्च सम्मान व्यक्त गर्न चाहन्छु।

**सभाध्यक्षज्यू,**

**अब म चालु आर्थिक वर्षका मुख्य मुख्य उपलब्धिहरु संक्षिप्तमा प्रस्तुत गर्दछु।**

३ साविक हुवास स्वास्थ्य चौकीलाई थप सुविधासम्पन्न बनाउन स्वास्थ्य चिकित्सकको व्यवस्था गरी १० शैयाको अस्पताल स्तरोन्नति गरी पैयूँ आधारभूत अस्पतालका रुपमा सेवा प्रारम्भ भइसकेको छ ।

४ पालिकाको केन्द्रमा रहेको जनसेवा संस्कृत मा.वि. मा नेपाली र अंग्रजी माध्यमबाट पठनपाठन प्रारम्भ गरिएको छ। जनप्रतिनिधि, विद्यालय व्यवस्थापन समितिका पदाधिकारी, शिक्षक, अभिभावक संघका पदाधिकारी र सरकारी कर्मचारीका सन्ततिहरुलाई सामुदायिक विद्यालयमा पठनपाठन गराउने व्यवस्था कार्यान्वयनमा आएको छ।

५ सबै बाल शिक्षा र एक कक्षाबीचमा के.जी. कक्षा थप गरी कक्षा १ देखि ५ कक्षासम्म अंग्रेजी माध्यमबाट पठनपाठन गर्ने व्यवस्था मिलाइएको छ ।

६ गाउँपालिकाको प्रशासकीय भवन साथै ३ र ६ नं वडा कार्यालय भवन निर्माण कार्य अन्तिम चरणमा पुगेको छ।

७ गाउँपालिकाको मुख्य बजार केन्द्रलाई व्यवस्थित गर्न मर्दीखोला पुरानो बजार सडक स्तरोन्नति गरिएको छ भने अन्य स्थानमा ढल व्यवस्थापनको काम अन्तिम चरणमा पुगेको छ ।

८ गाउँपालिकाका महत्वपूर्ण सडकहरुमध्ये बालाकोट- सित्ले -साधने सडक र चिसापानी- छहरे सडकको स्तरोन्नति कार्य सम्पन्न भएको छ ।

९ धानबाली पकेट कार्यक्रम अन्तर्गत वडा नं. १ देखि ७ सम्मका विभिन्न ८ वटा समूह, सहकारी र फर्महरु छनौट गरी धानको बीउ वितरण गर्ने कार्य सम्पन्न भएको छ ।

१० किसान पहिचानका लागि किसान सूचीकरण कार्यक्रम सञ्चालन गरिएको छ, जसमा १९ सय घरधुरी सूचीकृत भएका छन्।

११ माटो परीक्षण शिविर कार्यक्रमसमेत सम्पन्न भएको छ ।

१२ लघु उद्यम विकास कार्यक्रम अन्तर्गत नयाँ तथा पुराना गरी जम्मा ३१८ जना उद्यमीहरुलाई विभिन्न व्यावसायिक तालिम दिई ५५ जनालाई प्रविधि हस्तान्तरण गरिएको छ जसबाट उद्यमशीलताको विकास भई स्थानीय रोजगारीलाई समेत टेवा पुऱ्याएको छ ।

१३ बढ्दो बजारीकरणबाट उत्पन्न हुने फोहोरमैला व्यवस्थापनको दीर्घकालीन समाधान गर्न वडा नं. ५ मा ल्याण्डफिल्ड साइट निर्माण कार्य अन्तिम चरणमा पुगेको छ ।

१४ वडास्तरीय मेलमिलाप कर्ता छनौट भई आधारभूत तालिम दिइएको छ जसबाट स्थानीय स्तरमा रहेका विभिन्न असमझदारीहरुलाई समाधान गरी स्थानीयबासीहरुबीच मेलमिलाप र सौहार्द्रपूर्ण वातावरण कायम गर्ने अपेक्षा राखिएको छ।

**सभाध्यक्ष ज्यू,**

**अब म आगामी आर्थिक वर्षको वार्षिक बजेट तथा कार्यक्रम तर्जुमाका आधारहरु, दीर्घकालीन सोच,लक्ष्य र उद्देश्य प्रस्तुत गर्दछु ।**

१५ नेपालको संविधान, २०७२ , स्थानीय सरकार सञ्चालन ऐन २०७४, राष्ट्रिय तथा प्रादेशिक आवधिक योजनाले परिलक्षित गरेका विषयहरु, स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन २०७४ (परिमार्जित), राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४, अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४, संघ तथा प्रदेश सरकारबाट प्राप्त मार्गदर्शन, पैयूँ गाउँपालिकाको १५ वर्षे गुरुयोजनाको मार्गदर्शन र सर्वपक्षीय सुझावलाई समेत आधार लिएको छु।

१६ **"आधुनिक कृषि, प्रविधि, पर्यटन र पूर्वाधार - पैयूँबासीको संमृद्धिको आधार"** दीर्घकालीन सोच राखी दिगो, एकीकृत र सन्तुलित विकासका माध्यमबाट स्थानीय जनताहरुको जीवनस्तरमा सुधार ल्याउने आर्थिक वर्ष २०८०/०८१ को बजेटको लक्ष्य रहेको छ।

१७ दिगो र उत्थानशील पूर्वाधारको निर्माण गर्नु, शिक्षा र स्वास्थ्यको गुणस्तर वृद्धि गर्नु रोजगारीको अवसर सिर्जना गर्नु, आधुनिकीकरणसहितको कृषि र पशुपालन तथा जडिबुटी उत्पादन, संरक्षण तथा बजारीकरणलाई प्रवर्द्धन गर्नु, बजेटको मुख्य उद्देश्य रहेको छ।

**सभाध्यक्षज्यू,**

**अब म आगामी आर्थिक वर्षको वार्षिक बजेट तथा कार्यक्रम कार्यान्वयनबाट हुने उपलब्धिलाई छोटकरीमा प्रस्तुत गर्दछु।**

१८ स्वास्थ्य सेवामा नागरिकहरुको विश्वास बढ्नेछ ।

१९ शैक्षिक क्षेत्रको गुणस्तरमा थप सुधार आउनेछ ।

२० व्यावसायिक कृषि तथा पशुपालक कृषकहरुको संख्यामा उल्लेख्य वृद्धि भई कृषि उत्पादनमा आत्मनिर्भरता हुनेछ ।

२१ सडक सञ्जालको स्तरोन्नति हुनेछ ।

२२ स्थानीय बासिन्दाहरुको जीवनस्तरमा गुणात्मक परिवर्तन हुनेछ।विकास निर्माणमा स्थानीय जनताको रचनात्मक सहयोग र सहभागिता वृद्धि भई समग्र गाउँपालिकाको आर्थिक तथा सामाजिक स्वरुप समुन्नत हुने दिशातर्फ उन्मुख हुनेछ।

**सभाध्यक्षज्यू,**

२३ आगामी आर्थिक वर्ष ०८०/०८१ का लागि वार्षिक नीति तथा कार्यक्रम बाह्रौं गाउँसभाबाट सर्वसम्मत स्वीकृत भइसकेको छ।उक्त नीति तथा कार्यक्रमले लक्षित गरेका क्षेत्रहरुलाई प्राथमिकतामा राखी निम्नानुसारका योजनाहरुमा बजेट विनियोजन गरेको छु ।

२४ कृषि उत्पादन तथा उत्पादकत्व वृद्धि, उत्पादनमा आधारित प्रोत्साहन,चिस्यान केन्द्र व्यवस्थापन साथै पशुपालन प्रवर्द्धन र पशु स्वास्थ्य सेवाका लागि रु. ६० लाख विनियोजन गरेको छु ।

२५ स्वास्थ्य सेवाका लागि गाउँपालिकाको तर्फबाट रु.५० लाख विनियोजन गरेको छु जस मध्ये पैयूँ आधारभूत अस्पताल सञ्चालनका लागि आवश्यक बजेट व्यवस्था गरेको छु भने विद्यालय स्वास्थ्य सेवा र उपाध्यक्षसँग गर्भवती र सुत्केरी सञ्चो बिसञ्चो कार्यक्रमका लागि रु. ९ लाख ५० हजार विनियोजन गरेको छु ।

२६ गाउँपालिकाभित्रका अतिविपन्नजनका लागि जटिल प्रकृतिका रोगी विरामीको औषाधी उपचार सहायता लगायतका कार्यक्रमका लागि रु.१५लाख विनियोजन गरेको छु ।

२७ ७ नं. वडामा बर्थिङ सेन्टर स्थापनाका लागि रु.१८ लाख विनियोजन गरेको छु ।

२८ प्रारम्भिक बालविकास केन्द्रका शिक्षिका र विद्यालय कर्मचारीहरुलाई चालु आर्थिक वर्षमा उपलब्ध गराइएको पारिश्रमिक निरन्तरताका लागि रु.७६ लाख विनियोजन गरेको छु ।

२९ गाउँपालिकामा सञ्चालित पैयूँ वहुमुखी क्याम्पस र हुवास बहुमुखी क्याम्पसको शैक्षिक गुणस्तर वृद्धि तथा पूर्वाधार स्तरोन्नतिका लगि अनुदानका रुपमा उपलब्ध गराउनका लागि रु.१० लाख बजेट विनियोजन गरेको छु।

३० जनसेवा संस्कृत मा.वि. मा विज्ञान सङ्काय सञ्चालन व्यवस्थापनका लागि रु.४ लाख विनियोजन गरेको छु।साथै नमुना विद्यालय अनुदानका लागि रु.४ लाख विनियोजन गरेको छु ।

३१ युवा तथा खेलकुद र माथि उल्लिखित कार्यक्रम लगायत शैक्षिक गुणस्तर अभिवृद्धि तथा आवश्यक शैक्षिक गतिविधि सञ्चालन, व्यवस्थापनका लागि गाउँपालिकास्तरमा जम्मा रु. १ करोड ५० लाख विनियोजन गरेको छु ।

३२ महिला बालबालिका जेष्ठ नागरिक तथा आपाङ्गता भएका व्यक्तिहरुको हकहित संरक्षण क्षमता विकास लगायतका कार्यक्रम सञ्चालन गर्न महिला तथा बालबालिका शाखाका लागि रु.१५ लाख विनियोजन गरेको छु ।

३३ स्थानीय न्यायिक समितिलाई प्रभावकारी रुपमा अगाडि बढाउन रु. ५ लाख विनियोजन गरेको छु।

३४ वडास्तरीय योजना तथा कार्यक्रमका लागि लाखका दरले रु.३ करोड ८५ लाख विनियोजन गरेको छु ।

३५ भौतिक पूर्वाधार लगायत अन्य क्षेत्रको मागमा आधारित योजना कार्यान्वयनका लागि रु.८० लाख विनियोजन गरेको छु ।

३६ ५ नं. वडा कार्यालय भवन स्तरोन्नतिका लागि रु.१० लाख विनियोजन गरेको छु ।

३७ पैयूँ - वालिङको सिमानामा पर्ने पियाखेतमा स्वागत प्रवेशद्वार निर्माणका लागि रु. १० लाख विनियोजन गरेको छु ।

३८ सेती खोला चेक ड्याम निर्माणका लागि रु. ३० लाख विनियोजन गरेको छु ।

३९ गाउँपालिका क्षेत्रका जोखिमयुक्त रुख कटानका लागि रु.१० लाख विनियोजन गरेको छु।

४० संघ तथा प्रदेश समपूरक योजनाका लागि रु. १ करोड ४० लाख विनियोजन गरेको छु ।

४१ गाउँपालिका र वडा समेतको प्रशासनिक खर्चका लागि रु.५ करोड ८७ लाख विनियोजन गरेको छु ।

४२ संघ तथा प्रदेश सरकारबाट हस्तान्तरण भई आएका योजना तथा कार्यक्रम कार्यान्वनका लागि आवश्यक व्यवस्था मिलाएको छु ।

४३ माथि उल्लिखित लगायतका आगामी आर्थिक वर्षमा सञ्चालन हुने योजना तथा कार्यक्रमहरुको सम्पूर्ण विवरण अनुसूचीहरुमा समावेश गरेको छु ।

**सभाध्यक्षज्यू,**

४४ अब म आर्थिक वर्ष ०८०/८१ का लागि पैयूँ गाउँपालिकाको अनुमानित आय व्ययको विवरण पेस गर्ने अनुमति चाहन्छु।

४५ यस गाउँपालिकाका लागि आ.व.०८०/८१ का लागि जम्मा रु.४१ करोड ७२ लाख ८२ हजार ७ सयको अनुमानित आय पेस गरेको छु ।

४६ जसमध्ये नेपाल सरकारको वित्तीय समानीकरण अनुदानतर्फ रु.७ करोड ९७ लाख, सशर्त अनुदानतर्फ रु.२० करोड ७९ लाख, विशेष अनुदानतर्फ रु.२ करोड, समपूरक अनुदानतर्फ रु.८० लाख र राजश्व बाँडफाँड तर्फ रु.६ करोड २० लाख ४२ हजार ७ सय रहेको छ ।

४७ प्रदेश समानीकरण अनुदानतर्फ रु.९७ लाख ३६ हजार, सशर्त अनुदानतर्फ रु.५० लाख, समपुरक अनुदानतर्फ रु.६० लाख र राजश्व बाँडफाँड तर्फ रु.३२ लाख ४ हजार रहेको छ ।

४८ आन्तरिक आम्दानीतर्फ रु.५७ लाख र चालु वर्षमा रहने अनुमानित मौज्दाततर्फ रु.१ करोड रहेको छ ।

**सभाध्यक्षज्यू,**

४९ यसै गरी म अब यस गाउँपालिकाको आ.व.०८०/८१ का लागि जम्मा रु.४१ करोड ७२ लाख ८२ हजार ७ सयको अनुमानित व्यय पेस गरेको छु । जसमध्ये संघ तथा प्रदेश सरकार समानीकरण अनुदान, राजश्व बाँडफाँड, आन्तरिक आय र अनुमानित मौज्दात गरी जम्मा रु. १७ करोड ३ लाख ८२ हजार ७ सय रहेको छ।संघीय र प्रदेशबाट हस्तान्तरण भई आउने व्यय बाहेक गाउँपालिका तर्फबाट व्यययोग्य बजेटको मात्र हिसाब गर्दा चालुतर्फ रु. ५ करोड ८७ लाख (३४.४५ प्रतिशत) र पुँजीगततर्फ रु.११ करोड १६ लाख ८२ हजार ७ सय (६५.५५ प्रतिशत) हुन आउँछ।

५० स्थानीय सरकारले प्राप्त गरेका उपलब्धिहरुलाई समुन्नत बनाउँदै आर्थिक, सामाजिक र सांस्कृतिक सबै क्षेत्रको तीव्र विकास गरी आधुनिक कृषि प्रविधि पर्यटन र पूर्वाधार पैयूँबासीको समृद्धिको आधार भन्ने दीर्घकालीन लक्ष्य पूरा गर्ने अठोटका साथ आर्थिक वर्ष २०८०/०८१ को वार्षिक बजेट तथा कार्यक्रम प्रस्तुत गरेको छु।

५१ बजेट तथा कार्यक्रमको सफल कार्यान्वयनबाट समृद्ध पैयूँ स्थापित भई पैयूँबासीमा खुसी प्राप्ति हुँदै जानेछ ।

५२ प्रस्तुत बजेट तथा कार्यक्रमको प्रभावकारी कार्यन्वयनमा सबै क्षेत्रबाट सहयोग प्राप्त हुने विश्वास गर्दछु।

५३ अन्त्यमा, पैयूँको विकासमा योगदान पुऱ्याउने स्थानीय राजनैतिक दलहरु, निजी क्षेत्र र सहकारी क्षेत्रहरुप्रति आभार प्रकट गर्दछु । आ-आफ्नो क्षेत्रबाट महत्वपूर्ण भूमिका खेल्नुहुने राष्ट्रसेवक कर्मचारी, श्रमिक तथा श्रमजीवी, स्थानीय नागरिक समाज, बुद्धिजीवी, पत्रकार/सञ्चारकर्मी तथा पैयूँबासी जनतालाई धन्यवाद ज्ञापन गर्दछु ।
धन्यवाद ।

यामकुमारी राना
उपाध्यक्ष

# पैयूँ गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

### हुवास पर्वत

### आ.व.२०८०/०८१ को लागि अनुमानित आय

### (अनुसूची - १)

| क्र.स. | श्रोत | | बजेट |
|---|---|---|---|
| १ | अन्तर सरकारी वित्तीय हस्तान्तरण | **संघ तर्फ** | |
| | | वित्तीय समानिकरण अनुदान | ७९७००००० |
| | | सशर्त अनुदान | २०७९००००० |
| | | विशेष अनुदान | २०००००००० |
| | | समपुरक अनुदान | ८०००००० |
| | | राजश्व बाँडफाँड | ६२०४२७०० |
| | | **संघ तर्फ कुल जम्मा** | **३७७६४२७००** |
| २ | | **प्रदेश तर्फ** | |
| | | वित्तीय समानिकरण अनुदान | ९७३६००० |
| | | सशर्त अनुदान | ५०००००० |
| | | विशेष अनुदान | ० |
| | | समपुरक अनुदान | ६०००००० |
| | | राजश्व बाँडफाँड | ३२०४००० |
| | | **प्रदेश तर्फ कुल जम्मा** | **२३९४००००** |
| ३ | आन्तरिक | **आन्तरिक तर्फ** | |
| | | आन्तरिक आय | ५७००००० |
| | | बाँकी मौज्दात | १०००००००० |
| | | **आन्तरिक आय तर्फ कुल जम्मा** | **१५७०००००** |
| **कुल जम्मा वजेट** | | | **४१७२८२७००** |

### सशर्त, विषेश र समपुरक अनुदान वाहेक सभाबाट विनियोजन योग्य श्रोत

| क्र.स. | श्रोत | | बजेट |
|---|---|---|---|
| १ | अन्तर सरकारी वित्तीय हस्तान्तरण | वित्तीय समानिकरण अनुदान *संघ* | ७९७००००० |
| | | वित्तीय समानिकरण अनुदान *प्रदेश* | ९७३६००० |
| | | राजश्व बाँडफाँड *संघ* | ६२०४२७०० |
| | | राजश्व बाँडफाँड *प्रदेश* | ३२०४००० |
| | | **जम्मा** | **१५४६८२७००** |
| २ | आन्तरिक | आन्तरिक आय | ५७००००० |
| | | गतको बाँकी मौज्दात | १०००००००० |
| | | **जम्मा** | **१५७०००००** |
| **जम्मा** | | | **१७०३८२७००** |

**पैयूँ गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय**

**हुवास पर्वत**

**अन्तरसरकारी वित्तिय हस्तान्तरण आ.व.०८०/८१**

**अनुसूची - २ (१)**

| क्र.स. | क्रियाकलापहरु | शिर्षक | श्रोतको प्रकार | | बजेट रु. हजारमा |
|---|---|---|---|---|---|
| १ | पोषण संवेदनशील (खानेपानी तथा सरसफाइ, कृषि, पशुसेवा, महिला तथा बालबालिका, शिक्षा र शासकीय प्रवन्ध) क्षेत्रका कार्यक्रमहरू सञ्चानल) | स्वास्थ्य | युरोपियन युनियन | नगद अनुदान | १५० |
| २ | पोपण विशेष (स्वास्थ्य) क्षेत्रका कार्यक्रम सञ्चालन | स्वास्थ्य | युरोपियन युनियन | नगद अनुदान | १५० |
| ३ | आकस्मिक अवस्थामा औसधि एवं ल्याब सामाग्री ढुवानी, रेकर्डिङ तथा रिपोर्टिङका लागि फर्म फरमेट छपाइ, ई-टि.बि रजिस्टरअध्यावधिक, विश्व क्षयरोग दिवस सम्बन्धी कार्यक्रम, स्थलगत अनुशिक्षण तथा सुपरिवेक्षण, क्षयरोगका कार्यक्रमको अर्ध बार्षिक समिक्षा तथा कोहर्ट विश्लेषण | स्वास्थ्य | नेपाल सरकार | नगद | १०७ |
| ४ | समुदायलाई क्षयरोग सम्बन्धी अभिमुखिकरण एवम् घरदैलो क्षयरोग खोजपडताल कार्यक्रम। क्षयरोगका जोखिम समुह तथा स्वास्थ सेवाको पहुच कम भएका समुदायमा सकृय क्षयरोग खोजपडताल कार्यक्रम। घरपरिवारका सदस्यहरूको सम्पर्क परिक्षण, एवं पाँच वर्ष मुनिका बालबालिमा क्षयरोग रोकथाम सम्बन्धी टी.पि.टी. कार्यक्रम। | स्वास्थ्य | नेपाल सरकार | नगद | ९३ |
| ५ | प्रजनन् रुग्णता स्वास्थ्य सेवा | स्वास्थ्य | नेपाल सरकार | नगद | ८५ |
| ६ | स्थानिय तह तर्फ मातृ तथा नवशिशु कार्यक्रम अन्तर्गत आमा सुरक्षा, गर्भवती उत्प्रेरणा सेवा, रक्तसंचार, न्यानो झोला, निशुल्क गर्भपतन र नवजात शिशुको निशुल्क उपचार कार्यक्रम | स्वास्थ्य | नेपाल सरकार | नगद | ६३० |
| ७ | परिवार योजना सेवा | स्वास्थ्य | नेपाल सरकार | नगद | १०५ |
| ८ | किशोरकिशोरी स्वास्थ्य सेवा | स्वास्थ्य | नेपाल सरकार | नगद | ८० |
| ९ | स्थानीय तहको साझेदारीमा कोभिड १९ विरुद्ध खोप अभियान तथा बुस्टर खोप समेत संचालनको पालिका/वडा बाट खोप केन्द्र स्तरमा सुपरिवेक्षण तथा दादुरा रुबेला खोप अभियान संचालन एवं ब्यबस्थापनको लागि पालिका तथा वडा खोप समितिको अभिमुखीकरण र योजना गोष्ठी ) | स्वास्थ्य | नेपाल सरकार | नगद | १९२ |
| १० | नियमित खोप सुदृढीकरण, पूर्ण खोप सुनिश्चितता र दिगोपना, एफ. आइ.पी.भी. खोप अभियान, खोपबाट बचाउन सकिने रोगहरुको निगरानी, नमुना संकलन तथा ब्यबस्थापन, सरसफाई प्रबद्र्धन कार्यक्रमको समिक्षा र सुक्ष्मयोजना अद्यावधिकको लागि १ दिने गोष्ठी, पूर्ण खोप वडा, पालिका सुनिश्चितताको लागि खोप समन्वय समिती तथा जनप्रतिनिधिहरुको अभिमुखिकरण, वडामा घरधुरी सर्वेक्षण, वडा भेरिफिकेसन, अनुगमन तथा प्रमाणीकरणको लागि व्यवस्थापन खर्च | स्वास्थ्य | नेपाल सरकार | नगद | २०८ |
| ११ | स्थानिय तह मार्फत मातृ तथा नवशिशु कार्यक्रम सन्चालन | स्वास्थ्य | नेपाल सरकार | नगद | ९५२ |
| १२ | पोषण विशेष कार्यक्रम | स्वास्थ्य | नेपाल सरकार | नगद | ४०८ |
| १३ | CBIMNCI कार्यक्रम (कार्यक्रम समिक्षा, स्थलगत अनुशिक्षण, समता तथा पहुच कार्यक्रम) | स्वास्थ्य | नेपाल सरकार | नगद | ३४० |
| १४ | राष्ट्रिय महिला स्वास्थ्य स्वयंसेविका कार्यक्रम (पोशाक प्रोत्साहन, यातायात खर्च र दिवस मनाउने खर्च समेत) | स्वास्थ्य | नेपाल सरकार | नगद | १२०० |
| १५ | आधारभूत तथा आकस्मिक स्वास्थ्य सेवाको लागि औषधि खरिद | स्वास्थ्य | नेपाल सरकार | नगद | १२८७ |

| | | | | | |
|---|---|---|---|---|---|
| १६ | स्वास्थ्य चौकी (आधारभुत स्वास्थ्य सेवा केन्द्र) को न्युनतम सेवा मापदण्ड कार्यक्रम ( अभिमुखीकरण, समिक्षा, फलो अप , अनुगमन तथा सुदृधिकरण समेत ) | स्वास्थ्य | नेपाल सरकार | नगद | ११३ |
| १७ | पालिका स्तरमा स्वास्थ्य संस्थाहरुको मासिक बैठक, स्वास्थ्य कार्यक्रमहरुको डाटा भेरिफिकेशन एवं गुणस्तर सुधार साथै अर्धबार्षिक एवं बार्षिक समिक्षा | स्वास्थ्य | नेपाल सरकार | नगद | २०० |
| १८ | बिश्व रक्तचाप दिवस तथा आत्महत्या न्यूनीकरण दिवस मनाउने तथा महिला सामुदायिक स्वास्थ्य स्वयम्सेविकाहरुलाई नसर्ने तथा मानसिक स्वास्थ्य सम्बन्धि अभिमुखीकरण | स्वास्थ्य | नेपाल सरकार | नगद | १०० |
| | **स्वास्थ तर्फ जम्मा** | | | | **६४००** |
| १९ | स्थानीय तहका स्वास्थ्य शाखा, स्वास्थ्य चौकी, प्राथमिक स्वास्थ्य केन्द्र, अस्पताल तथा आयुर्वेद औषधालयहरुमा कार्यरत स्थायी कर्मचारीहरुको स्वीकृत दरवन्दी अनुसारको तलव, महगी भत्ता र पोषाक भत्ता | आयुर्वेद | नेपाल सरकार | नगद | २७९०० |
| २० | आयुर्वेद सेवा कार्यक्रम (आयुर्वेद औषधालय) | आयुर्वेद | नेपाल सरकार | नगद | ६०० |
| | **आयुर्वेद तर्फ** | | | | **२८५००** |
| २१ | आधारभूत तहका स्वीकृत दरवन्दीका शिक्षक, राहत अनुदान शिक्षकका लागि तलब भत्ता अनुदान (विशेष शिक्षा परिषद अन्तरगतका शिक्षक/कर्मचारीहरु समेत) | शिक्षा | नेपाल सरकार | नगद | १०१८०० |
| २२ | माध्यमिक तहका स्वीकृत दरवन्दीका शिक्षक, राहत अनुदान शिक्षक लागि तलब भत्ता अनुदान (विशेष शिक्षा परिषद अन्तरगतका शिक्षक/कर्मचारी,प्राविधिक धारका प्रशिक्षक समेत) | शिक्षा | नेपाल सरकार | नगद | २४६०० |
| २३ | प्रारम्भिक बाल विकास सहजकर्ताहरुको पारिश्रमिक तथा विद्यालय कर्मचारी व्यबस्थापन अनुदान | शिक्षा | एस.इ.एस.पी. | शोधभर्ना हुने ऋण | १४०१ |
| २४ | प्रारम्भिक बाल विकास सहजकर्ताहरुको पारिश्रमिक तथा विद्यालय कर्मचारी व्यबस्थापन अनुदान | शिक्षा | एस.इ.एस.पी. | शोधभर्ना हुने अनुदान | ८३० |
| २५ | प्रारम्भिक बाल विकास सहजकर्ताहरुको पारिश्रमिक तथा विद्यालय कर्मचारी व्यबस्थापन अनुदान | शिक्षा | नेपाल सरकार | नगद | ४६०७ |
| २६ | सार्वजनिक विद्यालयका विद्यार्थीहरुका लागि निशुल्क पाठ्यपुस्तक अनुदान | शिक्षा | एस.इ.एस.पी. | शोधभर्ना हुने ऋण | २८३ |
| २७ | सार्वजनिक विद्यालयका विद्यार्थीहरुका लागि निशुल्क पाठ्यपुस्तक अनुदान | शिक्षा | एस.इ.एस.पी. | शोधभर्ना हुने अनुदान | १६५ |
| २८ | सार्वजनिक विद्यालयका विद्यार्थीहरुका लागि निशुल्क पाठ्यपुस्तक अनुदान | शिक्षा | नेपाल सरकार | नगद | ९१२ |
| २९ | तोकिएका विद्यार्थीको दिवा खाजाका लागि विद्यालयलाई अनुदान | शिक्षा | एस.इ.एस.पी. | शोधभर्ना हुने ऋण | ६२८ |
| ३० | तोकिएका विद्यार्थीको दिवा खाजाका लागि विद्यालयलाई अनुदान | शिक्षा | नेपाल सरकार | नगद | २०२० |
| ३१ | तोकिएका विद्यार्थीको दिवा खाजाका लागि विद्यालयलाई अनुदान | शिक्षा | एस.इ.एस.पी. | शोधभर्ना हुने अनुदान | ३६५ |
| ३२ | विद्यालय सञ्चालन तथा व्यवस्थापन अनुदान | शिक्षा | एस.इ.एस.पी. | शोधभर्ना हुने अनुदान | १५८ |

| | | | | | |
|---|---|---|---|---|---|
| ३३ | विद्यालय सञ्चालन तथा व्यवस्थापन अनुदान | शिक्षा | एस.इ.एस.पी. | शोधभर्ना हुने ऋण | २७२ |
| ३४ | विद्यालय सञ्चालन तथा व्यवस्थापन अनुदान | शिक्षा | नेपाल सरकार | नगद | ८७४ |
| ३५ | शैक्षिक पहुँच सुनिश्चितता, अनौपचारिक तथा वैकल्पिक शिक्षा कार्यक्रम (परम्परागत विद्यालय, वैकल्पिक विद्यालय, साक्षरता र निरन्तर शिक्षाका कार्यक्रम समेत) | शिक्षा | एस.इ.एस.पी. | शोधभर्ना हुने अनुदान | ६१ |
| ३६ | शैक्षिक पहुँच सुनिश्चितता, अनौपचारिक तथा वैकल्पिक शिक्षा कार्यक्रम (परम्परागत विद्यालय, वैकल्पिक विद्यालय, साक्षरता र निरन्तर शिक्षाका कार्यक्रम समेत) | शिक्षा | नेपाल सरकार | नगद | ३३५ |
| ३७ | शैक्षिक पहुँच सुनिश्चितता, अनौपचारिक तथा वैकल्पिक शिक्षा कार्यक्रम (परम्परागत विद्यालय, वैकल्पिक विद्यालय, साक्षरता र निरन्तर शिक्षाका कार्यक्रम समेत) | शिक्षा | एस.इ.एस.पी. | शोधभर्ना हुने ऋण | १०४ |
| ३८ | विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरण एवम् कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान | शिक्षा | एस.इ.एस.पी. | शोधभर्ना हुने ऋण | ३७५ |
| ३९ | विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरण एवम् कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान | शिक्षा | नेपाल सरकार | नगद | १२०७ |
| ४० | विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरण एवम् कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान | शिक्षा | एस.इ.एस.पी. | शोधभर्ना हुने अनुदान | २१८ |
| ४१ | सामुदायिक विद्यालयका छात्राहरुलाई निशुल्क स्यानिटरी प्याड व्यवस्थापन | शिक्षा | एस.इ.एस.पी. | शोधभर्ना हुने ऋण | १२७ |
| ४२ | सामुदायिक विद्यालयका छात्राहरुलाई निशुल्क स्यानिटरी प्याड व्यवस्थापन | शिक्षा | एस.इ.एस.पी. | शोधभर्ना हुने अनुदान | ७४ |
| ४३ | सामुदायिक विद्यालयका छात्राहरुलाई निशुल्क स्यानिटरी प्याड व्यवस्थापन | शिक्षा | नेपाल सरकार | नगद | ४०९ |
| ४४ | शैक्षिक सुशासनका लागि सस्थागत क्षमता विकास, विद्यार्थी परीक्षण मुल्याङ्कन, शिक्षक मेन्टरिङ तथा विद्यालय सुपरिवेक्षण | शिक्षा | एस.इ.एस.पी. | शोधभर्ना हुने ऋण | १४५ |
| ४५ | शैक्षिक सुशासनका लागि सस्थागत क्षमता विकास, विद्यार्थी परीक्षण मुल्याङ्कन, शिक्षक मेन्टरिङ तथा विद्यालय सुपरिवेक्षण | शिक्षा | एस.इ.एस.पी. | शोधभर्ना हुने अनुदान | ८४ |
| ४६ | शैक्षिक सुशासनका लागि सस्थागत क्षमता विकास, विद्यार्थी परीक्षण मुल्याङ्कन, शिक्षक मेन्टरिङ तथा विद्यालय सुपरिवेक्षण | शिक्षा | नेपाल सरकार | नगद | ४६७ |
| ४७ | माध्यमिक तह कक्षा (९-१०) मा अंग्रेजी,गणित र विज्ञान विषयमा शिक्षण सहयोग अनुदान | शिक्षा | नेपाल सरकार | नगद | १५२४ |
| ४८ | माध्यमिक तह कक्षा (९-१०) मा अंग्रेजी,गणित र विज्ञान विषयमा शिक्षण सहयोग अनुदान | शिक्षा | एस.इ.एस.पी. | शोधभर्ना हुने अनुदान | २७५ |
| ४९ | माध्यमिक तह कक्षा (९-१०) मा अंग्रेजी,गणित र विज्ञान विषयमा शिक्षण सहयोग अनुदान | शिक्षा | एस.इ.एस.पी. | शोधभर्ना हुने ऋण | ४७३ |
| ५० | कोभिड-१९ बाट पुगेको शैक्षिक क्षतिको परिपुरण तथा अन्य विपदको समयमा सिकाइ निरन्तरताका लागि कार्यक्रम | शिक्षा | एस.इ.एस.पी. | शोधभर्ना हुने अनुदान | ४८ |
| ५१ | कोभिड-१९ बाट पुगेको शैक्षिक क्षतिको परिपुरण तथा अन्य विपदको समयमा सिकाइ निरन्तरताका लागि कार्यक्रम | शिक्षा | एस.इ.एस.पी. | शोधभर्ना हुने ऋण | ८३ |

| | | | | | |
|---|---|---|---|---|---|
| ५२ | कोभिड-१९ बाट पुगेको शैक्षिक क्षतिको परिपुरण तथा अन्य विपदको समयमा सिकाइ निरन्तरताका लागि कार्यक्रम | शिक्षा | नेपाल सरकार | नगद | २६९ |
| ५३ | प्रति विद्यार्थी लागतका आधारमा सिकाइ सामग्री तथा डिजिटल सिकाइ समाग्री व्यवस्थाका लागि विद्यालयलाइ अनुदान | शिक्षा | नेपाल सरकार | नगद | ३५६ |
| ५४ | प्रति विद्यार्थी लागतका आधारमा सिकाइ सामग्री तथा डिजिटल सिकाइ समाग्री व्यवस्थाका लागि विद्यालयलाइ अनुदान | शिक्षा | एस.इ.एस.पी. | शोधभर्ना हुने ऋण | ११० |
| ५५ | प्रति विद्यार्थी लागतका आधारमा सिकाइ सामग्री तथा डिजिटल सिकाइ समाग्री व्यवस्थाका लागि विद्यालयलाइ अनुदान | शिक्षा | एस.इ.एस.पी. | शोधभर्ना हुने अनुदान | ६४ |
| ५६ | सार्वजनिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरुका लागि छात्रवृत्ति (आवासीय तथा गैरआवासीय) | शिक्षा | एस.इ.एस.पी. | शोधभर्ना हुने ऋण | ९९ |
| ५७ | सार्वजनिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरुका लागि छात्रवृत्ति (आवासीय तथा गैरआवासीय) | शिक्षा | नेपाल सरकार | नगद | ३२० |
| ५८ | सार्वजनिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरुका लागि छात्रवृत्ति (आवासीय तथा गैरआवासीय) | शिक्षा | एस.इ.एस.पी. | शोधभर्ना हुने अनुदान | ५८ |
| ९५ | राष्ट्रपति रनिङ्ग सिल्ड प्रतियोगिता (स्थानीय तहस्तरीय) | शिक्षा/खेलकुद | नेपाल सरकार | नगद | १०० |
| | **शिक्षा तर्फको जम्मा** | | | | **१४६३००** |
| ६९ | कृषि स्नातक करार | कृषि | नेपाल सरकार | नगद | ५०० |
| ५९ | आ.व. २०७९/८० मा स्थापना भएको धानबाली पकेट विकास कार्यक्रमको निरन्तरता | कृषि | नेपाल सरकार | नगद | ५०० |
| ६० | कृषि तथा पशु सेवाका एक गाँउ एक प्राविधिकहरुको तलव भत्ता | कृषि | नेपाल सरकार | नगद | १४५१ |
| ६१ | किसान सूचीकरण कार्यक्रम | कृषि | नेपाल सरकार | नगद | २४९ |
| ६२ | कृषि, पशुपन्छी तथा मत्स्य तथ्याकं अध्यावधिक कार्यक्रम | कृषि | नेपाल सरकार | नगद | १०० |
| | **कृषि तर्फ जम्मा** | | | | **२८००** |
| ६३ | एक पालिका एक भेटेरिनरी डाक्टर | पशु सेवा | नेपाल सरकार | नगद | ५२५ |
| ६४ | इपिडेमियोलोजिकल रिपोर्टिङ्ग | पशु सेवा | नेपाल सरकार | नगद | १२ |
| ६५ | महामरी/आकास्मिक रोग नियन्त्रण कार्यक्रम | पशु सेवा | नेपाल सरकार | नगद | १०० |

| | | | | | |
|---|---|---|---|---|---|
| ६६ | आधारभूत प्रयोगशाला कार्यक्रम | पशु सेवा | नेपाल सरकार | नगद | ६०० |
| ६७ | भैसि प्रवर्द्धन कार्यक्रम (वडा न ६) | पशु सेवा | नेपाल सरकार | नगद | ८१३ |
| ६८ | कृत्रिम गर्भाधान मिसन कार्यक्रम | पशु सेवा | नेपाल सरकार | नगद | १५० |
| | <u>पशु सेवा जम्मा</u> | | | | <u>२२००</u> |
| ७० | मसलन्द सामान खरिद (सेवा केन्द्र सञ्चालानार्थ) | राष्ट्रिय परिचयपत्र / पञ्जिकरण | आई डि ए | शोधभर्ना हुने ऋण | ५० |
| ७१ | एम. आई. एस. अपरेटर र फिल्ड सहायक पारिश्रमिक, चाडपर्व खर्त तथा पोशाक खर्च | राष्ट्रिय परिचयपत्र / पञ्जिकरण | आई डि ए | शोधभर्ना हुने ऋण | ४५० |
| ७२ | एम. आई. एस. अपरेटर र फिल्ड सहायक देनिक भ्रमण भत्ता/यातायात खर्च/ईन्धन | राष्ट्रिय परिचयपत्र / पञ्जिकरण | आई डि ए | शोधभर्ना हुने ऋण | ५० |
| ७३ | अन्य विविध खर्च - आयोजना, सामाजिक सुरक्षा तथा घटना दर्ता सम्बन्धी विभिन्न बैंठकको चियापान लगायतको खर्च | राष्ट्रिय परिचयपत्र / पञ्जिकरण | आई डि ए | शोधभर्ना हुने ऋण | ५० |
| | <u>राष्ट्रिय परिचयपत्र / पञ्जिकरण</u> | | | | <u>६००</u> |
| ७४ | रोजगार सेवा केन्द्रको लागी मसलन्द खर्च | प्रधानमन्त्री रोजगार | आई डि ए | शोधभर्ना हुने ऋण | ७८ |
| ७५ | रोजगार सहायकको तलब | प्रधानमन्त्री रोजगार | आई डि ए | शोधभर्ना हुने ऋण | ४५२ |
| ७६ | रोजगार सहायको स्थानीय भत्ता | प्रधानमन्त्री रोजगार | आई डि ए | शोधभर्ना हुने ऋण | ९३ |
| ७७ | रोजगार सहायकको पोशाक भत्ता | प्रधानमन्त्री रोजगार | आई डि ए | शोधभर्ना हुने ऋण | १० |
| ७८ | प्राविधिक सहायकको पोसाक | प्रधानमन्त्री रोजगार | आई डि ए | शोधभर्ना हुने ऋण | १० |
| ७९ | प्राविधिक सहायकको तलव | प्रधानमन्त्री रोजगार | आई डि ए | शोधभर्ना हुने ऋण | ४५२ |
| ८० | प्राविधिक सहायकको स्थानीय भत्ता | प्रधानमन्त्री रोजगार | आई डि ए | शोधभर्ना हुने ऋण | ९३ |
| ८१ | श्रमको सम्मान राष्ट्रको अभियान सम्बन्धी कियाकलाप संचालन | प्रधानमन्त्री रोजगार | आई डि ए | शोधभर्ना हुने ऋण | ६० |
| ८२ | स्थानीय तहको रोजगार रणनीति तर्जुमा/अध्यावधिक/कार्यान्वयन | प्रधानमन्त्री रोजगार | आई डि ए | शोधभर्ना हुने ऋण | ५० |
| ८३ | रोजगार संवाद मञ्चको सञ्चालन | प्रधानमन्त्री रोजगार | आई डि ए | शोधभर्ना हुने ऋण | ३० |

| | | | | | |
|---|---|---|---|---|---|
| ८४ | रोजगारी सृजना (आई.डि.ए.) | प्रधानमन्त्री रोजगार | आई डि ए | शोधभर्ना हुने ऋण | २५६० |
| ८५ | सञ्चालित रोजगार आयोजनाहरुको अनुगमन/निरिक्षण | प्रधानमन्त्री रोजगार | आई डि ए | शोधभर्ना हुने ऋण | ८८ |
| ८६ | अन्य विविध खर्च (चिया, पानि लगायत अन्य विविध) | प्रधानमन्त्री रोजगार | आई डि ए | शोधभर्ना हुने ऋण | २४ |
| ८७ | रोजगार संयोजकको तलव | प्रधानमन्त्री रोजगार | नेपाल सरकार | नगद | ५६८ |
| ८८ | रोजगार संयोजकको स्थानीय भत्ता | प्रधानमन्त्री रोजगार | नेपाल सरकार | नगद | १४२ |
| ८९ | रोजगार संयोजकको पोसाक | प्रधानमन्त्री रोजगार | नेपाल सरकार | नगद | १० |
| ९० | रोजगारी सृजना (नेपाल सरकार) | प्रधानमन्त्री रोजगार | नेपाल सरकार | नगद | १९८० |
| | **प्रधानमन्त्री रोजगार तर्फको जम्मा** | | | | **६७००** |
| ९१ | अति गरिब परिवारहरुको लागि कम्तिमा १० जनाको लागि हुने गरी साझा सुविधा केन्द्रको स्थापना। | लघुउद्यम विकास | नेपाल सरकार | नगद | ५०० |
| ९२ | सम्भाव्य उत्पादनको उत्पादकत्व र बजार प्रतिस्पर्धा बृद्धि गर्नका लागि कम्तिमा ५ जनाको समुहमा प्रबिधि हस्तान्तरण | लघुउद्यम विकास | नेपाल सरकार | नगद | १४० |
| ९३ | गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम संचालन निर्देशिका, २०७७ बमोजिम उद्यमीको स्तरोन्नती (आवश्यकता पहिचानका आधारमा पुनर्ताजगी र एडभान्स सीप विकास तालिम कार्यक्रम) | लघुउद्यम विकास | नेपाल सरकार | नगद | २४० |
| ९४ | गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम संचालन निर्देशिका, २०७७ बमोजिम लघु उद्यम विकास मोडेलमा नयाँ लघु उद्यमी सिर्जना गर्ने | लघुउद्यम विकास | नेपाल सरकार | नगद | ९२० |
| | **लघु उद्यम विकास कार्यक्रम तर्फ जम्मा** | | | | **१८००** |
| | **चालु तर्फ जम्मा** | | | | **१९५३००** |
| ९६ | गरिब घर परिवार पहिचान तथा परिचय पत्र वितरण कार्यक्रम (गरिव लक्षित विशेष कार्यक्रम) गुनासो सुनुवाइ कार्यक्रम | गरिव विशेष कार्यक्रम | | | २०० |
| ९७ | ज्यामिरे गैहा रातो छहरा सेतिवेणी सडक, पैयूँ-०१, पर्वत | सामपुरक | नेपाल सरकार | नगद (आन्तरिक ऋण) | ८००० |
| ९९ | सुरक्षित नागरिक आवास कार्यक्रम :- गण्डकी प्रदेशको पर्वत जिल्ला क्षेत्र नं. १ अन्तर्गत पैयूं गाउँपालिका-२९० वटा (क्रमागत) | नागरिक आवास | नेपाल सरकार | नगद (आन्तरिक ऋण) | १४०० |
| १०० | रोजगार सेवा केन्द्रको सुदृढिकरण (कम्प्युटर, फर्निचर फिक्चर्स, क्यामरा, अन्य विद्युतीय उपकरण) | प्रधानमन्त्री रोजगार | आई डि ए | शोधभर्ना हुने ऋण | २०० |

| | | | | | |
|---|---|---|---|---|---|
| १०१ | पालिका अन्तर्गत निर्माणाधिन ५।१०।१५ शैय्या आधारभूत अस्पतालको श्रृजित दायित्व भुक्तानी गर्न। | स्वास्थ्य | नेपाल सरकार | नगद (आन्तरिक ऋण) | ५००० |
| १०२ | नवीकरणीय ऊर्जा प्रवधि जडान (वायोग्याँस/विद्युतीय चुलो/सुधारिएको चुलो/सौर्य ऊर्जा) | नविकरणीय उर्जा | नेपाल सरकार | नगद (आन्तरिक ऋण) | ८०० |
| १०३ | घांग्रेको झो.पु पैयूं १, अर्थुन वेउलिवास झो.पु. पैयूं २, चिसा पानी घाट झो.पु. पैयूं ५, कटुवाघाट झो.पु. पैयूं ६, काभ्राभन्ज्यांग दोभान्घात पैयूं ७, दुडेघाट झो.पु. पैयूं ७, गेदिखोला आलेपुल पैयूं-४, सिसौली डूडेघाट पैयूं-६ पैयूं गाउँपालिका, पर्वत | झो.पु. | नेपाल सरकार | नगद (आन्तरिक ऋण) | ५००० |
| १०४ | हुवास बजारक्षेत्र ढल व्यवस्थापन, पर्वत (क्रमागत) | विशेष अनुदान पूँजीगत | नेपाल सरकार | नगद (आन्तरिक ऋण) | १०००० |
| १०५ | जोखिमयुक्त वस्ति हस्तान्तरण कार्यक्रम | विशेष अनुदान पूँजीगत | नेपाल सरकार | नगद (आन्तरिक ऋण) | १०००० |
| | **पूँजीगत तर्फको जम्मा** | | | | **४०६००** |
| | **कुल जम्मा** | | | | **२३५९००** |

**प्रदेश तर्फ वित्तीय हस्तान्तरण**

| **क.स.** | **क्रियाकलाप** | | | | **वेजेट रु हजारमा** |
|---|---|---|---|---|---|
| १ | हातेमालोचोक -गल्छिना पुल- प्रशासकीय भवन जोड्ने सडक (समपुरक अनुदान) | | | | ६००० |
| २ | पालुस्थान पन्यटकीय क्षेत्र विकास (सशर्त अनुदान) | | | | ५००० |
| | **जम्मा** | | | | **११०००** |

## गाउँपालिका तर्फको अनुमानित व्यय ०८०/८१

## अनुसूची - २ (२)

| क.स. | विषयगत क्षेत्र | रकम रु. |
|---|---|---|
| **१** | **आर्थिक विकास** | **६००००००** |
| | कृषि तथा पशु सेवा | ६०००००० |
| **२** | **सामाजिक विकास** | **२५३०००००** |
| | शिक्षा | १५०००००० |
| | स्वास्थ्य | ५०००००० |
| | वर्थिङ सेन्टर इकाइ | १८००००० |
| | औषधी उपचार सहायता तथा साझेदारी | १५००००० |
| | महिला, बालबालिका तथा न्यायीक समिति | २०००००० |
| **३** | **पूर्वाधार विकास** | **६९८८२७००** |
| | संघ तर्फको समपुरक योजना | ८०००००० |
| | प्रदेश तर्फको समपुरक योजना | ६०००००० |
| | झोलुङगे पुल साझेदारी | ३८२७०० |
| | मागमा आधारित | ८०००००० |
| | वडा स्तरीय सिलिङ (प्रति वडा ५५ लाख) | ३८५००००० |
| | विद्युतीय समस्या समाधान | ३५००००० |
| | बसपार्क जग्गा | ५००००० |
| | प्रवेश द्वार निर्माण पियाखेत | १०००००० |
| | ५ नं वडा कार्यालय भवन | १०००००० |
| | सेतीखोला चेक ड्याम | ३०००००० |
| **४** | **वन वातावरण तथा विपद व्यवस्थापन** | **५००००००** |
| | जोखिम युक्त रुख कटान | १०००००० |
| | विपद व्यवस्थापन | ४०००००० |
| **५** | **संस्थागत विकास सेवा प्रवाह सुशासन** | **६४२०००००** |
| | चालु प्रशासनिक खर्च वडा समेत | ५८७००००० |
| | फर्निचर तथा फिक्सिङ (गाउँपालिका भवन र वडा ३ र ६) | ३५००००० |
| | Back ho Loader सञ्चालन | १५००००० |
| | डिजिटल प्रोफाइल | ५००००० |
| | **जम्मा** | **१७०३८२७००** |

## गाउँपालिका तर्फको प्रशासनिक खर्च अनुमान

## अनुसूची - २(२)(१)

| सि.नं. | कार्यक्रम/आयोजना/क्रियाकलापको नाम | विनियोजित रकम रु. |
|---|---|---|
| १ | पारिश्रमिक कर्मचारी | १६०००००० |
| २ | पदाधिकारी सुबिधा | ९०००००० |
| ३ | पानी तथा बिजुली | २००००० |
| ४ | संचार महसुल | ५००००० |
| ५ | इन्धन पदाधिकारी | १५००००० |
| ६ | सवारी साधन मर्मत खर्च | १५००००० |
| ७ | बिमा तथा नवीकरण खर्च | ३००००० |
| ८ | मेसिनरी तथा औजार मर्मत सम्भार तथा सञ्चालन खर्च | ५००००० |
| ९ | मसलन्द तथा कार्यालय सामग्री *विषयगत शाखा समेत* | १५००००० |
| १० | मसलन्द तथा कार्यालय सामाग्री*वडा* | ३५००००० |
| ११ | पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन खर्च | ३००००० |
| १२ | प्रत्रकारिता प्रवर्द्धन | ५००००० |
| १३ | सेवा र परामर्श खर्च | १३०००००० |
| १४ | सूचना प्रणाली तथा सफ्टवेयर सञ्चालन | १०००००० |
| १५ | कर्मचारी तालिम | ६००००० |
| १६ | विविध दिवसीय कार्यक्रम | ७००००० |
| १७ | विविध खर्च | १०००००० |
| १८ | सभा सञ्चालन खर्च | ४००००० |
| १९ | भ्रमण खर्च | १०००००० |
| २० | घर भाडा | १०००००० |
| २१ | अन्य भत्ता | २०००००० |
| २२ | अन्य भाडा | ५००००० |
| २३ | भैपरी आउने चालु खर्च | १५००००० |
| २४ | मेसिनरी औजार | ७००००० |
|  | **कुल जम्मा** | **५८७०००००.** |

## अनुसूची - २(२)(२)

### महिला बालबालिका तथा जेष्ठ नागरिक शाखा

| सि.नं | योजना तथा कार्यक्रम | विनियोजित वजेट |
|---|---|---|
| १ | अपाङगता भएकालाई सहायता सामग्री वितरण | ५००००० |
| २ | न्यायीक समिति | ५००००० |
| ३ | मानसिक रोगिलाई औषधी वितरण | ५००००० |
| ४ | दलित अपाङ्गता सम्वन्धी सस्थालाई सहायता | १५०००० |
| ५ | अपाङगता परिचयपत्र वितण | १००००० |
| ६ | महिला शसक्तिकरण तथा क्षमता विकस | २५०००० |
| **जम्मा** | | **२००००००** |

### स्वास्थ्य शाखा

| सि.नं | योजना तथा कार्यक्रम | विनियोजित वजेट |
|---|---|---|
| १ | अध्यक्षसँग जेष्ठ नागरिक स्वास्थ्य परिक्षण कार्यक्रम | ५००००० |
| २ | उपाध्यक्षसँग सुत्केरी सञ्चो विसञ्चो कार्यक्रम | ८००००० |
| ३ | अत्यावस्यक औषधी खरिद | १०००००० |
| ४ | पैयूँ आधारभुत अस्पताल सञ्चालन तथा व्यवस्थापन | ५००००० |
| ५ | स्वास्थ्य संस्थाको पानी विजुली महशुल | ४००००० |
| ६ | गर्भवती सँग USG सेवा | ५०००० |
| ७ | महिला स्वयम सेविका यातायात खर्च | ४३६००० |
| ८ | महिला स्वयम सेविका रिपोर्टिङ खर्च | २६४००० |
| ९ | अस्पताल / स्वास्थ्य संस्थालाई औजार खरिद | ४००००० |
| १० | विद्यालयमा स्वास्थ्य सेवा Screening | १५०००० |
| ११ | आयुर्वेद औषधालयलाई औषधी खरिद | २००००० |
| १२ | महिला स्वयमसेविकालाई अवकास प्रोत्साहन (प्रति व्यक्ती ५० हजार) | ३००००० |
| **जम्मा** | | **५००००००** |

### शिक्षा युवा तथा खेलकूद शाखा

| सि.नं | योजना तथा कार्यक्रम | विनियोजित वजेट |
|---|---|---|
| १ | ECD तथा विद्यालय कर्मचारीको थप तलब | ७६००००० |
| २ | अग्रेजी पाठ्यपुस्तक अनुदान | २०००००० |
| ३ | युवा तथा खेलकुद | १२००००० |
| ४ | बार्षिक परिक्षा सञ्चालन | ५००००० |
| ५ | अध्यक्ष उपाध्यक्ष सँग प्र.अ. बैठक | २००००० |
| ६ | ३, ५ र ८ को उपलब्धी मापन परिक्षा सञ्चालन | २००००० |

| | | |
|---|---|---|
| ७ | स्थानीय पाठ्यपुस्तक लेखन | ५००००० |
| ८ | बहुमुखि क्याम्पस अनुदान | १०००००० |
| ९ | विद्यार्थि प्रोत्साहन कार्यक्रम | ५००००० |
| १० | विज्ञन संकय सञ्चालन अनुदान | ४००००० |
| ११ | अनुगमन तथा सुपरिवेक्षण | २००००० |
| १२ | नमुना विद्यालय अनुदान | ४००००० |
| १३ | अध्यक्ष उपाध्यक्ष सँग विद्यार्थि कार्यक्रम | ३००००० |
| **जम्मा** | | **१५००००००** |

## कृषि तथा पशु विकास शाखा

| सि.नं | योजना तथा कार्यक्रम | विनियोजित वजेट |
|---|---|---|
| १ | साना सिंचाइ कार्यक्रम | १४००००० |
| २ | चिस्यान केन्द्र सञ्चालन तथा व्यवस्थापन | २००००० |
| ३ | पशुशाखालाई अत्यावस्यक औषधी खरिद | ५००००० |
| ४ | आन्तरिक तथा वाह्य परजीवी नियन्त्रण | १००००० |
| ५ | कृषिक पाठशाला IPM कार्यक्रम | ५०००० |
| ६ | आकस्मिक बाली संरक्षण सेवा | १००००० |
| ७ | कृषि तथा पशुपंक्षी शिविर सञ्चालन | १००००० |
| ८ | एक विद्यालय एक करेसावारी कार्यक्रम | १५०००० |
| ९ | उत्पादनमा आधारित प्रोत्साहन अनुदान | १८००००० |
| १० | कृषि / पशुपालन सम्वन्धी तालिम | १००००० |
| ११ | रेविज खोप कार्यक्रम | ५०००० |
| १२ | एक वडा एक पहिचाहन कार्यक्रम साझेदारी | ७००००० |
| १३ | छाडा चौपाया व्यवस्थापन | २००००० |
| १४ | मौरीको घर खरिद (५०% साझेदारी) | ३५०००० |
| १५ | माटो परिक्षण तथा माटो पउपचार | १००००० |
| १६ | अनुगमन तथा मल्याङ्कन | १००००० |
| **जम्मा** | | **६००००००** |

अनुसूची - २(२)(३)

वडागत अनुमानित व्यय

वडा नं. १

| क्र.स. | योजना तथा कार्यक्रमहरु | रकम रु. |
|---|---|---|
| १ | अर्थुन, टकलाक, सिंगारकोष सडक | १५००००० |
| २ | रोजगार श्रमिकको सहभागितमा साना गोरेटो बाटो मर्मत | ४००००० |
| ३ | स्वास्थ्य चौकी सभाहल ट्रष्ट निर्माण | ४००००० |
| ४ | टकलाक मा.वि. रङ्गरोगन, मर्मत संभार | ३००००० |
| ५ | वडा कार्यालय कम्प्युटर तथा अन्य सामग्री व्यवस्थापन | ३००००० |
| ६ | देउराली देखी मगरगाउँ, न्यौपाने थर, दलित वस्ती बाटो मर्मत | ३००००० |
| ७ | सामुदायिक विद्यालयका विद्यार्थीलाई पोषाक वितरण | २००००० |
| ८ | विपन्न परिवारको शौचालय निर्माण | १५०००० |
| ९ | ढुंगेखर्क सामुदायिक भवन शौचालय निर्माण | १५०००० |
| १० | वाहावी सामुदायिक भवन | १५०००० |
| ११ | कात्तिके गोरेटो बाटो | १५०००० |
| १२ | अध्ययन अवलोकन भ्रमण | १५०००० |
| १३ | चिहाने, सोत, खोलापारी कुलो मर्मत | १००००० |
| १४ | वाल प्रतिभा प्रा.वि. कम्प्युटर हस्तान्त्रण | १००००० |
| १५ | खर्केली देखी ठुलाचौर गोरेटो बाटो | १००००० |
| १६ | युवा तथा खेलकुद | १००००० |
| १७ | कटहर फेद देखी उरामी गोरेटो बाटो | १००००० |
| १८ | खाल्टे देखी दलित वस्ती सिढी मर्मत | १००००० |
| १९ | सानोथुम्का गोरेटो बाटो | १००००० |
| २० | खर्क देखी फलेवास गोरेटो बाटो | १००००० |
| २१ | माइपुझने डाँडा सापकोटाथर गोरेटो बाटो | १००००० |
| २२ | सडक वत्ति मर्मत तथा थप | १००००० |
| २३ | सिस्नेरी सिंचाइ कुलो मर्मत | १००००० |
| २४ | वर्दिलाङ सिंचाइ कुलो सफाइ/हेरालु | ५०००० |
| २५ | देवीथान देखी भञ्याङ गोरेटो बाटो | ५०००० |
| २६ | खर्क पुछारको कुलो मर्मत | ५०००० |
| २७ | कात्तिके दलित वस्ती गोरेटो बाटो | ५०००० |
| २८ | टकलाक टार सिंचाइ कुलो सफाइ/हेरालु | ५०००० |
|  | **जम्मा** | **५५०००००** |

वडा नं. २

| क्र.स. | योजना तथा कार्यक्रमहरु | रकम रु. |
|---|---|---|
| १ | त्रिवेणी स्वास्थ्य चौकी जाने सडक ढलान तथा नाली निर्माण | १०००००० |
| २ | चिन्देखर्क मोटरबाटो ढलान तथा नाली निर्माण | ८००००० |
| ३ | निर्मल जनसेवा माध्यमीक विद्यालयमा सरस्वती मन्दीर निर्माण | २००००० |
| ४ | निर्कका जाने जिरोमा प्रतिक्षालय निर्माण | २००००० |
| ५ | बिरौटा बडहरे सिंचाई कुलो निर्माण | १००००० |
| ६ | बौदी खोला ठुलो बेसी सिंचाई कुलो निर्माण | १००००० |
| ७ | ठुलो बेसी खाने पानी टयांकी निर्माण | २००००० |
| ८ | जुगेडी खानेपानी च्याम्बर निर्माण तथा ठुलार होमस्टे गोरेटोबाटो निर्माण | ८०,००० |
| ९ | भुसालटारी सिंचाई कुलो निर्माण | ८०,००० |
| १० | गाउँबेसी कृषि समूहलाई अदुवा,बेसार, कागति सुन्तला खेति विरुवा खरिद तथा विस्तार | १००००० |
| ११ | निर्कका होमस्टे हुदै भञ्याङ गारेटोबाटो मर्मत | ८०,००० |
| १२ | टारी उपल्लो सिंचाई कुलो निर्माण | १००००० |
| १३ | माझघर देखी घोमसुङ मोटरबाटो सम्म जाने गारेटोबाटो निर्माण तथा मर्मत | ८०,००० |
| १४ | कुभिण्डे खेल मैदान तारबार | ८०,००० |
| १५ | भर्माखोला ढाड सिंचाई कुलो निर्माण | ७०,००० |
| १६ | हिस्की थोक खानेपानी टयांकी निर्माण तथा मर्मत | ४०,००० |
| १७ | घोमसुङ खानेपानी लिफ्टीङ मर्मत | ५०,००० |
| १८ | र्याले देखी फेरा सम्म गोरेटोबाटो सिंढि निर्माण | ५०,००० |
| १९ | चिन्देखर्क मोटरबाटो देखी ठुलोचौर सम्म गोरेटोबाटो सिंढी निर्माण | ६०,००० |
| २० | चिन्देखर्क नयाँघरदेखी गैराबारी सम्मको गारेटोबाटो निर्माण | ५०,००० |
| २१ | चिन्देखर्क तल्लोटोल खानेपानी मर्मत | ६५,००० |
| २२ | अर्थुन मुख्य सडक देखी अर्नास गारेटोबाटो निर्माण | १००००० |
| २३ | उपल्लो चिन्देखर्क महिला सामुदायिक भवन रङरोगन तथा मर्मत | ६०,००० |
| २४ | उपल्लो चिन्देखर्क खानेपानी आयोजना टयाङ्की निर्माण तथा मर्मत | १००००० |
| २५ | अर्थुन पुलदेखी वडा कार्यालय जाने गोरेटोबाटो | १००००० |
| २६ | बोकेखोला बगर गल्छीना सिंचाई कुलो निर्माण | ७०,००० |
| २७ | अर्थुन बजार खेलमैदानमा तारजाली | १००००० |
| २८ | बलादी सिंचाई कुलो निर्माण | ६०,००० |
| २९ | माक्रेगैरा देखी ज्यामिरे जाने गोरेटोबाटो निर्माण | ७५,००० |
| ३० | वडाकार्यालय व्यवस्थापन तथा भैपरी | ३००००० |
| ३१ | खलेगरा—अर्नास गारेटोबाटो निर्माण | ३०,००० |
| ३२ | माक्रेखोला देखी ज्यामिरे सिंचाई आयोजना | ५०,००० |
| ३३ | भर्मा गैराबारी देखी बैष्णदेवीमन्दीर सम्मको गोरेटोबाटो निर्माण | ६०,००० |
| ३४ | उज्यालो वडा अभियान | १००००० |
| ३५ | हिताङ बस्ती गारेटोबाटो निर्माण | ५०,००० |

| | | |
|---|---|---|
| ३६ | त्रिवेणी बजार जाने जिरोमा भलनियन्त्रणको लागि नाली निर्माण | ७०,००० |
| ३७ | त्रिवेणी बजार भल संरक्षणको लागि नाली निर्माण | ७०,००० |
| ३८ | त्रिवेणी हुलाके भल नियन्त्रण | ६०,००० |
| ३९ | भर्मा खानेपानी टयांकी मर्मत तथा निर्माण | ५०,००० |
| ४० | राधकृष्ण मन्दीर मर्मत | ५०,००० |
| ४१ | जैकाठ देखी पोखरीसम्म गोरेटोबाटो निर्माण | ७०,००० |
| ४२ | घुमाउने देखी बगरसम्म सिंचाई कुलो निर्माण | ७०,००० |
| ४३ | सार्वजनिक सुनुवाई | १००००० |
| ४४ | वडा कार्यालय जाने गारेटोबाटो तथा नाली निर्माण | ७०,००० |
| ४५ | स्वाथ्य सामग्री खरिद | ५०,००० |
| | **जम्मा** | **५५००००००** |

वडा नं. ३

| क्र.स. | योजना तथा कार्यक्रमहरु | रकम रु. |
|---|---|---|
| १ | व्यवसायिक कृषि तालिम | ५०,००० |
| २ | कार्यालय व्यवस्थापन | १७५००० |
| ३ | सार्वजनिक सुनुवाई | ४०,००० |
| ४ | पशु जुनोटिक रोग सम्बन्धी विद्यालय तथा सरोकारवाला बिच अन्तरक्रिया कार्यक्रम | ३०,००० |
| ५ | डाडाथोक मोटरबाटो | ५००००० |
| ६ | अम्लिकोट खानेपानी व्यवस्थापन | १५००००० |
| ७ | चन्द्रेश्वर शिवालय मन्दिर संरक्षण | १५०००० |
| ८ | शंखेपिपल गोरेटो बाटो | ५०००० |
| ९ | बृद्वआश्रम देखि पुल सम्म ढलान | ५०००० |
| १० | तल्लो कागदी गैरा सिंचाई कुलो मर्मत | १००००० |
| ११ | सौर कुलो निमार्ण | ५०००० |
| १२ | थुम्सेबारी खनिया माथी गोरेटो बाटो | १००००० |
| १३ | कालिमाटी कुवा निर्माण | ४०,००० |
| १४ | मैदान पालुस्थान मोटर बाटो स्तर उन्नती | २००००० |
| १५ | रिझल कुवा निर्माण | ५०,००० |
| १६ | छाप्रेडाडा गोरेटो बाटो | ७०,००० |
| १७ | महिला सञ्चाल भवन मर्मत | ५०,००० |
| १८ | चिउरीडाडा गोरेटो बाटो | १५०००० |
| १९ | केलुङ कुलो निर्माण | २५०००० |
| २० | चालिसे बेलको रुख सम्म गोरेटो बाटो | २००,००० |
| २१ | बाटेबारी गोरेटो बाटो | १००००० |
| २२ | आपेडाडा गोरेटोबाटो | ५०,००० |

| | | |
|---|---|---|
| २३ | चालिसे खानेपानी टयांकी निर्माण | ५०,००० |
| २४ | सपाउदे कुवा सम्पन्न | १००००० |
| २५ | पल्लो चिलुवा गोरेटो बाटो | ५०,००० |
| २६ | डुड गोरेटोबाटो | ५०,००० |
| २७ | डुड पौवा मर्मत | १००००० |
| २८ | कंडेले पधेरा निर्माण | १००००० |
| २९ | लाम्पाटा सिंचाई कुलो मर्मत | ५०,००० |
| ३० | बगाले भल नियन्त्रण | ५०,००० |
| ३१ | कुलो माथी देखि डहर सम्म गोरेटो बाटो | १००००० |
| ३२ | चिलुवा गोरेटो बाटो | ५०,००० |
| ३३ | दाङदाली सिंचाई कुलो | १००००० |
| ३४ | दाङदाली बाँध खेत सिंचाई कुलो निर्माण/ मर्मत | ५०,००० |
| ३५ | बगाले खेल मैदान शौचालय | ७५,००० |
| ३६ | कागदी गैरा कल्बर्ट निर्माण | ७५,००० |
| ३७ | आधिखोले डाडा गोरेटो बाटो | ५०,००० |
| ३८ | डुम्रेश्वारा गोरेटो बाटो | ५०,००० |
| ३९ | विद्युत व्यस्थापन | १४५००० |
| ४० | पालुस्थान मा वि अनुदान | १००००० |
| ४१ | दिपज्योती प्रा वि अनुदान | १००००० |
| ४२ | भैपरी तर्फ | १००००० |
| | जम्मा | ५,५००,०००.०० |

वडा नं. ४

| क्र.स. | योजना तथा कार्यक्रमहरु | रकम रु. |
|---|---|---|
| १ | भञ्ज्याङ्ग मोटरबाटोको ढल निकास | ७०,००० |
| २ | कुलोदेखि घोप्टेखोलासम्म सिँढीबाटो निर्माण | १५०००० |
| ३ | खाल्टे—सौरीकोट—भञ्ज्याङ्ग सिँढीबाटो निर्माण | १००००० |
| ४ | घनघने सिँढीबाटो निर्माण | ५०,००० |
| ५ | हाँसेडाँडादेखि गेडिखोलासम्म सिँढीबाटो निर्माण | ७०,००० |
| ६ | भट्टराईडाँडा सिँढीबाटो निर्माण | ७०,००० |
| ७ | दार्सिङ्ग पौवा निर्माण | १५०००० |
| ८ | हिताङ्गडाँडा गोरेटोबाटो निर्माण | ५०,००० |
| ९ | जनसेवा आयुर्वेदिक हस्पिटल पलासे सिँढीबाटो निर्माण | १५०००० |
| १० | हटिया टोल बाँस फडानी प्रोत्साहन | ७०,००० |
| ११ | टारी हटिया गोरेटो बाटो निर्माण | १००००० |
| १२ | पावरहाउसदेखि क्षेत्रीडाँडासम्म सिँढीबाटो निर्माण | १००००० |
| १३ | पैयूँ आधारभुत अस्पताल सिँढीबाटो निर्माण | १००००० |
| १४ | पाट्नेथर दार्सिङ्ग सिँढीबाटो निर्माण | १००००० |
| १५ | गयटारी पैयूँ आधारभुत अस्पताल मोटरबाटो निर्माण | १००००० |
| १६ | पाट्नेथर जनसेवा सं.मा.वि.को कल्भर्टमा रेलिङ | ५०,००० |
| १७ | कण्ठको चौपारीदेखि मोटरबाटोसम्म सिँढीबाटो निर्माण | १००००० |
| १८ | सानोस्वामी हुदै भकुण्डेसम्म कुलो मर्मत | ५०,००० |
| १९ | गुँदिखोल्सादेखि सातमुरे सम्म सिँचाई कुलो मर्मत | ५०,००० |
| २० | हुवास बजार खानेपानी मर्मत | ४०,००० |
| २१ | हुवास बजार भित्रीबाटो ढलाई | ७०,००० |
| २२ | तल्लो किक्रिक आसेखोल्सा सिँढीबाटो निर्माण | ५०,००० |
| २३ | किक्रिकदेखि तिवारीडाँडासम्म सिँढीबाटो निर्माण | ५०,००० |
| २४ | ग्याउदीखोल्सा देखि किक्रिकसम्म कुलो मर्मत | ५०,००० |
| २५ | नवपथ महिला समुह भाँडा खरिद | ५०,००० |
| २६ | डाँडाको चौपारीमा पौवा निर्माण | १००००० |
| २७ | ग्याउदी चौपारीदेखि सित्तलडाँडासम्म सिँढीबाटो निर्माण | १००००० |
| २८ | पदमार्ग देखि पुछारघरसम्म सिँढीबाटो निर्माण | ५०,००० |
| २९ | धरादी पधेरो संरक्षण तथा मर्मत | ५०,००० |
| ३० | तल्लो कोखे सिँढीबाटो निर्माण | १००००० |

| | | |
|---|---|---|
| ३१ | उपल्लो कोखे सिँढीबाटो निर्माण | ५०,००० |
| ३२ | थुम्की सिँढीबाटो निर्माण | ५०,००० |
| ३३ | धरमपानी भित्री सिँढीबाटो निर्माण | १००००० |
| ३४ | मुल सडक मर्दिखोलाको पक्कि पुलनेर रेलिङ निर्माण | १००००० |
| ३५ | सानोस्वामी देखि पिप्ले कुलो मर्मत | १००००० |
| ३६ | ठुलोकुलो वर मुनी रेलिङ निर्माण | ५०,००० |
| ३७ | वडा कार्यालयदेखि मर्दिखोलासम्म ढल निकास | ५०,००० |
| ३८ | ढावगैरा सिँढीबाटो निर्माण | १००००० |
| ३९ | सिर्जनाटोल सिँढीबाटो निर्माण | ५०,००० |
| ४० | बेलटाँरी सिँचाई कुलो मर्मत | ५०,००० |
| ४१ | दाङदाली बाँधखेत सिँचाई कुलो मर्मत | ५०,००० |
| ४२ | हुवास वहुमुखी क्याम्पस च्यानलगेट निर्माण | १००००० |
| ४३ | वडा कार्यालय व्यवस्थापन | १००००० |
| ४४ | गयटारी खानेपानी संरक्षण | ३०,००० |
| ४५ | टोल विकास संस्था संस्थागत विकास | २००००० |
| ४६ | उज्यालो वडा अभियान | ४००००० |
| ४७ | सरसफाई तथा फोहोर व्यवस्थापन | १००००० |
| ४८ | युवा खेलकुद | १००००० |
| ४९ | अध्ययन अवलोकन भ्रमण | २००००० |
| ५० | विविध | १०००००० |
| ५१ | सार्वजनिक सुनुवाई | ८०,००० |
| ५२ | सौरीकोट गहते जाने सिडीबाटो | ५०,००० |
| | जम्मा | ५,५००,००० |

वडा नं. ५

| क्र.स. | योजना तथा कार्यक्रमहरु | रकम रु. |
|---|---|---|
| १ | भोटेगैरा—हरिचण्डी सडक स्तरोन्नती | १०००००० |
| २ | विपन्न नागरिकको सौचाल निर्माण | ६००००० |
| ३ | शिक्षा क्षेत्र (शैक्षिक वर्ष) | ३००,००० |
| ४ | कृषि क्षेत्र | ४००००० |
| ५ | स्वास्थ्य | १००००० |
| ६ | पियाखेत कात्तिके तल्लोबानीडाडा सडक स्तरोन्नती | ४००००० |
| ७ | चिसापानी कल्भट निर्माण | ३००००० |
| ८ | उज्यालो वडा अभियान | २५०००० |
| ९ | वडा कार्यालय व्यवस्थापन तथा विपद व्यवस्थापन | २००००० |
| १० | भुसालथोक—मर्दिखोला सडक स्तरोन्नती | २००,००० |
| ११ | फिल्थुम ठुलो आपमा बाल उद्यान निमार्ण | १००००० |
| १२ | युवा,महिला तथा बालबालिका, दलित,अपाङ्ग | ५०,००० |
| १३ | विद्युत महशुल | १५०००० |
| १४ | भुर्तेलथोक भञ्याङ गारेटो बाटो सिंढि तथा ढलान | १५०००० |
| १५ | उपल्लाथोक भगवती मन्दीर संरक्षण तथा गारेटोबाटो मर्मत | १५०००० |
| १६ | भञ्याङ— बाटोमाथी—पाखिम्बास गारेटोबाटो | १००००० |
| १७ | देउलारी—पिप्लेडाडा गारेटोबाटो निर्माण | १००००० |
| १८ | देउलारी—थुम्केलीडाडा गारेटोबाटो सिंढि निर्माण | १००००० |
| १९ | गुरुङ गाउँ गोरेटोबाटो मर्मत तथा ढलान | २००००० |
| २० | क्यामुने—मैकुटी गोरेटोबाटो सिंढि तथा ढलान | १००००० |
| २१ | पियाखेत—अम्बोट हुल्काङ गारेटोबाटो सिंढि निर्माण | १००००० |
| २२ | धरादी मोटरबाटो देखी गाउँ सम्म गोरेटोबोट सिंढि निर्माण तथा खेल मैदान तारब | १००००० |
| २३ | हिल्थुम्का—बसेलडाडा गारेटोबाटो सिंढि निर्माण | १००००० |
| २४ | सिरिन्डाडा बडरे कुलामाथि गारेटोबाटो सिंढि निर्माण | १००००० |
| २५ | पियाखेत स्कुल माथि गोरेटोबाटो | १००००० |
| २६ | सार्वजनिक सुनुवाई | ५०,००० |
|  | जम्मा | ५५०००००|

वडा नं. ६

| क्र.स. | योजना तथा कार्यक्रमहरु | रकम रु. |
| --- | --- | --- |
| १ | नयाँ वडा कार्यालय मोटरमार्ग | २५०००० |
| २ | छत्तिसे स्वास्थ्य चौकि मोटरमार्गमा नाली निमार्ण | २००००० |
| ३ | चपाइ घुम्ती भण्डारी टोल मोटरसाइकल मार्ग | ३००००० |
| ४ | अधिकारी टोल खानेपानी मर्मत | २००००० |
| ५ | क्वार्दी सिस्नेखोला कुलो मर्मत उपल्लो सिरवानी | २००००० |
| ६ | कालिका देवी मन्दिर व्वस्थापन | १००००० |
| ७ | हाँडीखर्क सिढीँ बाटो निमार्ण | १००००० |
| ८ | बालकल्याण प्रा वि घेराबार | ७५००० |
| ९ | मुसुरबारी क्वार्दी सिँढी बाटो | ५०००० |
| १० | रानाटोल दुर्गा मन्दिर ट्रष्ट निमार्ण | १००००० |
| ११ | जुरेढुङ्गा रानाटोल मोटरबाटो | ५०००० |
| १२ | कालिमाटी तल्लो उपल्लो राजढुङ्गा कुलो मर्मत | ३००००० |
| १३ | अर्चले वस्ती सँरक्षण | १००००० |
| १४ | क्वार्दी छत्तिसे सरौं सिचाँइ कुलो मर्मत | १००००० |
| १५ | मेदीखोला सिरान कल्भर्ट निमार्ण | १५०००० |
| १६ | मेदीखोला पुछार कुलो मर्मत | १००००० |
| १७ | मेलौदी मेदीखोला खानेपानी मर्मत | ५०००० |
| १८ | दर्वु टोल सिँढी बाटो निमार्ण | १००००० |
| १९ | नोमुरे दर्वु सिँढी बाटो निमार्ण | १५०००० |
| २० | चालिसेगरा कटहरे गेडिखोला सिँढी बाटो निमार्ण | १००००० |
| २१ | घनघने लम्साल टोल सिँढी बाटो निमार्ण | ५०००० |
| २२ | शिवसुन्दर मन्दिर सरौं | १००००० |
| २३ | दर्वु लामो कुलो मर्मत | १००००० |
| २४ | कोलकाटे तल्लो पँधेरा लक्ष्मी प्रा वि सिँढी बाटो निमार्ण | १८०००० |
| २५ | सपाउँदी यज्ञश्वर आ वि गोरेटोबाटो निमार्ण | १००००० |
| २६ | राम्चे पँधेरा मर्मत तथा प्रतिक्षालय निमार्ण | १००००० |
| २७ | विरन्थुम्का बाटो तथा वस्ती सँरक्षण | १००००० |
| २८ | छाडा चौपाया व्यवस्थापन | ५०००० |
| २९ | पिपलबोट साधने सिँचाइ मर्मत | ५०००० |
| ३० | मुलाबारी अगुवाखोला सिँचाइ कुलो मर्मत | ७५००० |

| | | |
|---|---|---|
| ३१ | फिस्टेगैरा अगुवाखोला सिँढी बाटो | १००००० |
| ३२ | हुवास लाटीगाडे ढुङ्गा सिँढी बाटो | १००००० |
| ३३ | हिमालयन महिला सहकारीलाइ तालिम प्रदान | ५०००० |
| ३४ | विद्यार्थिहरुलाइ बक्तृत्वकला तथा उद्घोषण तालिम | १२०००० |
| ३५ | भगवती प्रा वि व्यवस्थापन | ५०००० |
| ३६ | अस्थायी प्रहरी चौकी व्यवस्थापन भोर्ले | ५०००० |
| ३७ | भारतीथुम्का सुर्योदय सिँढी बाटो निमार्ण | १००००० |
| ३८ | सपाउँदी पौवा निमार्ण थापाथर | ५०००० |
| ३९ | लौवा सिँचाइ कुलो मर्मत | ५०००० |
| ४० | क्वार्दी पुछार बैथोक पुल गोरेटोबाटो निमार्ण | १००००० |
| ४१ | घुमाउने घर सँरक्षण | २०००० |
| ४२ | नौमती बाजा सँरक्षण | ३०००० |
| ४३ | फलाउँदी टोल बाटो निमार्ण | १००००० |
| ४४ | झाक्रीथान आलेबारी मेलौदी गोरेटोबाटो निमार्ण | १००००० |
| ४५ | लप्सीगैरा बाटो तथा पौवा निमार्ण | १००००० |
| ४६ | चुचेढुङ्गा काहुँ सिँढीबाटो निमार्ण | १००००० |
| ४७ | यज्ञश्वर आ वि सुनुन्ने सिँढी बाटो निमार्ण | ५०००० |
| ४८ | डाडाँकाहुँ सुधारे सुन्तला खेती प्रर्वधन | २००००० |
| ४९ | देविस्थान सित्ले सिँढीबाटो निमार्ण | १००००० |
| ५० | डाँडाकाहुँ पोखरीडाँडा खेलमैदान व्यवस्थापन | १००००० |
| ५१ | कुलानीथान सिँदलबारी सिँढी बाटो निमार्ण | १००००० |
| ५२ | वार्षिक सार्वजनिक सुनुवाइ कार्यक्रम | ५०००० |
| | जम्मा | ५५००००० |

वडा नं. ७

| क्र.स. | योजना तथा कार्यक्रमहरु | रकम रु. |
|---|---|---|
| १ | अधेरीगैरा-ईकाङ-पोखरीडाँडा-जुकेगैरा सडक मर्मत संभार पालिका गौरवको आयोज | १,०००,००० |
| २ | उत्पादन सँग लगानी तथा कृषी उत्पादनमा युवा परिचालन | ५००,००० |
| ३ | हिले गाउँ कालिका मन्दिर निर्माण | ३९०,००० |
| ४ | चौपारीडाँडा(अदुवागैह्रा) सडक तथा भल संरक्षण | ३००,००० |
| ५ | सम्मथर तिवारीडाँडा गोरेटो बाटो निर्माण | १००,००० |
| ६ | ठुलो कुलो देखि कोर्दी गोरेटो बाटो निर्माण | २००,००० |
| ७ | हाडिखर्क देखि स्कुल सम्म गोरेटोबाटो निर्माण | १००,००० |
| ८ | हाडिखर्क कुवा संरक्षण | १००,००० |
| ९ | काभ्रेआपडाँडा देखि(दोभान हुदै खोलाखर्क जाने गोरेटो बाटो बिस्तार | १५०,००० |
| १० | चालालुङ आपखेत देखि मोटरबाटो सम्म गोरेटोबाटो निर्माण | १५०,००० |
| ११ | हिले समिडाँडा गोरेटो बाटो निर्माण | १००,००० |
| १२ | हिले पसल देखि माथिघर(कुलमन्दिर हुँदै सडक सम्म गोरेटोबाटो निर्माण | १००,००० |
| १३ | भुवनगैह्रा पौवा निर्माण | १००,००० |
| १४ | मगर सवदाह स्थलमा भट्टी निर्माण | ७५,००० |
| १५ | खोलादेखि हमाल बस्ती सम्म कुलोमाथि स्लेप निर्माण | ११५,००० |
| १६ | नागपुज्ने पधेरो संरक्षण | ९०,००० |
| १७ | दाङसिङ चियान डाँडामा पौवा निर्माण | १००,००० |
| १८ | हिले पधेरा देखि बिरौटा सम्म कुलो निर्माण | १००,००० |
| १९ | जनता मा.वि. माथी डाडामा चौतारी तथा धारा निर्माण | १००,००० |
| २० | काभ्रे उपल्लो थर जोड्ने सडक निर्माण | ५०,००० |
| २१ | कोलडाँडा देखि ठुलोपाटा सम्म गोरेटो बाटो निर्माण | १००,००० |
| २२ | मसारे थुम्काको उपल्लो कुलो निर्माण तथा पहिरो नियन्त्रण | २००,००० |
| २३ | जेष्ठ तथा असाहय नागरिक सम्मान कार्यक्रम | ८५,००० |
| २४ | बालमैत्री कार्यक्रम | १००,००० |
| २५ | भोर्ले चौपारीमुनी खेल मैदान निर्माण | १५०,००० |
| २६ | उच्च मा.वि. अनुदान दरबन्दी नभएको | १००,००० |
| २७ | सार्वजिक सुनुवाई | ५०,००० |
| २८ | विविध | १००,००० |

| | | |
|---|---|---|
| २९ | भोर्ले खानेपानी मुहान संरक्षण | ५०,००० |
| ३० | खुर्सानीबारीदेखि पधेरो हुँदै थापाडाँडा गोरेटो बाटो | १००,००० |
| ३१ | पिपलडाँडा गोरेटोबाटो निर्माण | ५०,००० |
| ३२ | सेरा गोरेटो बाटो निर्माण | ५०,००० |
| ३३ | भोर्ले स्वास्थ्य चौकीमा प्रिन्टर तथा पङ्खा खरिद | ५०,००० |
| ३४ | वडा कार्यालयको माथिल्लो तलामा च्यानल गेट निर्माण | ५०,००० |
| ३५ | टमाटर खेती उत्पादन कार्यक्रम (महिला सहकारी) | १५०,००० |
| ३६ | वडा कार्यलय मा आवश्यक सामग्री खरिद तथा मर्मत ( सरसफाई | ९५,००० |
| ३७ | सिमलगैह्रा (लाम्पाटा) धारा गोरेटो बाटो निर्माण | १००,००० |
| | जम्मा | ५,५००,००० |